९८४०/४१

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. ४०४/२०७१/०७२

निर्णय नं. ४१

जिल्ला बारा, कलैया १० बैरिया बस्ने निवेश कुमार तिमिल्सिना .............................. १ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला विकास समितिको कार्यालय, बारा ..........................................१ } विपक्षी
सूचना अधिकारी, जिल्ला विकास समितिको कार्यालय, बारा .........................................१

विषय :- **माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला बारा, कलैया १० बैरिया बस्ने निवेश कुमार तिमिल्सिनाले जिल्ला विकास समितिको कार्यालय, बारा समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०१।२३ मा पुनरावेदन गरेको । उक्त पुनरावेदनको सम्वन्धमा यस आयोगको च.नं. १५९९ मिति २०७२।०२।०८ को पत्रबाट जिल्ला विकास समितिको कार्यालय, बारालाई के कति कारणले पुनरावेदकलाई सूचना उपलव्ध नगराइएको हो भनी लेखी पठाइएको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी जिल्ला विकास समितिको कार्यालय, बाराको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. जिल्ला विकास समिति बाराले २०७१ जेठ देखि फाल्गुण १५ गतेसम्म स्थानीय सूचना प्रकाशन गर्न दिएको पत्रिकाको नाम, सूचनाको विषय, सूचना प्रकाशन मिति, सो बापत भुक्तानी गरिएको रकम र भुक्तानी मिति र सूचना प्रकाशन गर्न आदेश दिने अधिकारीको विवरण ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल असोज १२ गते रोज ४ शुभम्